**सुस्ता गाउँपालिका**
**गाउँकार्यपालिकाको कार्यालय**
कुडिया ,नवलपरासी (वर्दघाट सुस्ता पश्चिम)
लुम्बनी प्रदेश, नेपाल

# नदीजन्य पदार्थको बिक्रिका लागि बोलपत्र आह्वान सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति २०८१/०८/१४**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ दफा ११ को उपदफा २(घ) ६ को अधिकार र दफा ६२क. को व्यवस्था तथा गाउँकार्यपालिकाको मिति २०८१/०८/११ गतेको निर्णय बमोजिम तपशिलमा उल्लिखित नदीको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् सुस्ता गाउँकार्यपालिकाको आर्थिक ऐन, २०८१ ले तोकेको दरमा बिक्रि गर्ने गरी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले इच्छुक फर्म वा कम्पनीहरुले फर्म दर्ताको प्रमाण पत्र, फर्मको नविकरण भएको प्रमाणपत्र, मुल्य अभिबृद्धी कर दर्ता प्रमाण, आ.व. २०८०/०८१ को कर चुक्ता प्रमाणपत्र वा म्याद थप संलग्न गरी तपसिल बमोजिमका शर्तहरुको अधिनमा रही बोलपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारी को लागि यो सुचना प्रकाशन गरीएको छ ।अन्य थप जानकारीका लागि यस कार्यालयको सूचनापाटी, तथा वेबसाइट : www.sustamun.gov.np हेर्न सकिन्छ ।

<u>तपसिल :</u>

| सि.न. | बोलपत्र नं. | बोलपत्रको विवरण | GPS Point | | | उत्खनन् परिमाण (खण्ड) (घन फिट) | कुल जम्मा उत्खनन् परिमाण (घन फिट) | न्युनतम बोलपत्र रकम (सेवाशुल्क र मु.अ कर बाहेक) | धरौटी रकम | बोलपत्र दस्तुर(रु.) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | खण्ड | तल्लो बिन्दुः | माथिल्लो बिन्दुः | | | | | | |
| १ | SRM/GOODS/NCB/REV/2081-82/08 | नारायणी नदीको १६ नं.ठोकर देखि दक्षिण १७ नं. ठोकर सम्मको नारायणी नदि बगेको भाग देखि पश्चिम बगर क्षेत्र खण्ड क | खण्ड क | 27°24’10.36” N 083°51’45.76 ”E | 27°23’57.8”N 083°51’53.0” E | १४२५३४१।२५ | १४२५३४१।२५ | १४२५३४१२।५ | कबोल अंकको ५ प्रतिशत | 3000.00 | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 2 | SRM/ GOOD S/NCB /REV/ 2081-82/09 | नारायणी नदीको १६ नं.ठोकर देखि दक्षिण १७ नं. ठोकर सम्मको नारायणी नदि बगेको भाग देखि पश्चिम बगर क्षेत्र खण्ड ख | खण्ड ख | 27°23’57.06” N 083°51’53.0” E | 27°23’43.10” N 083°51’55.15 ”E | १४८५३४१।८५ | १४८५३४१।८५ | १४८५३४१८।५ | कबोल अंकको ५ प्रतिशत | 3000.00 | |
| 3 | SRM/ GOOD S/NCB /REV/ 2081-82/06 | नारायणी नदिको १५ नं. ठोकर देखि १६ नं. ठोकर बीच खण्ड १ र खण्ड २ | खण्ड १ | 27°24’20.78” N 083°51’33.41 ”E | 27°24’16.35” N 083°51’37.07 ”E | ११४४१९७.०८ | ११९०३०३।१२ | ११९०३०३१।२ | कबोल अंकको ५ प्रतिशत | 3000.00 | |
| | | | खण्ड २ | 27°24’22.75” N 083°51’36.41 ”E | 27°24’19.42” N 083°51’39.32 ”E | ४६१०६.०४ | | | | | |
| 4 | SRM/ GOOD S/NCB /REV/ 2081-82/07 | नारायणी नदिको १५ नं. ठोकर देखि १६ नं. ठोकर बीच खण्ड ३ र खण्ड ४ | खण्ड ३ | 27°43’54.99” N 083°51’39.56 ”E | 27°24’15.93” N 083°51’42.31 ”E | ३८९८७४.५६ | १२४४२०८।३९ | १२४४२०८३।९ | कबोल अंकको ५ प्रतिशत | 3000.00 | |
| | | | खण्ड ४ | 27°24’15.75” N 083°51’42.41 ”E | 27°24’12.70” N 083°51’44.39 ”E | ८५४३३३.८३ | | | | | |

<u>बोलपत्र सम्बन्धी शर्तहरु :</u>

१. बोलपत्र फारम खरिदको लागि **एन एम बि बैंक शाखा कार्यालय कुडिया** मा यस कार्यालय को **आन्तरिक राजश्व खाता नं. १०५००८५४८९८०००९९** मा रकम जम्मा गरेको बैंक भैचर PPmo को वेबसाइट www.bolpatra.gov.np/egp मा सबै कागजातहरु स्क्यान गरी PDF format मा अपलोड गनुपर्नेछ ।

२. बोलपत्र बैंक जमानतको लागि आफूले कबोल गरेको अंकको ५ प्रतिशतको दरले आउने धरौटी रकम **एन एम बि बैंक शाखा कार्यालय कुडिया** मा यस कार्यालय को **धरौटी खाता नं. १०५००८५४८९८०००४४** मा जम्मा गरी सो को सक्कल बैंक भौचर वा इजाजत प्राप्त बैंकबाट यस कार्यालयको नाममा बोलपत्र नं. र नाम उल्लेख गरी दाखिला गर्ने अन्तिम मितिबाट **१२० दिनको** म्याद सहित जारी गरीएको बैंक ग्यारेन्टी (बिड बण्ड) पेश गर्नुपर्नेछ।

३. खरिद गरिएका बोलपत्र फारमहरु नियमानुसार भरि सूचना प्रकाशित भएको मितिले **३१ औ दिन दिनको** १२:०० भित्र e-submission गर्नुपर्नेछ । विद्युतीय माध्यम बाट पेश भएका बोलपत्रहरु ३१ औ दिन दिनको १:०० बजे यस कार्यालयमा बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । बोलपत्रदाता वा प्रतिनिधि उपस्थिति नभएमा पनि खोल्न बाधा पर्ने छैन । बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सोको लगत्तै पछीको कार्यालय खुल्ने दिन उल्लेखित कार्य हुनेछ।

४. बोलपत्र पेश गर्दा फर्मको नविकरण भएको दर्ता प्रमाणपत्र, मुल्य अभिबृद्धी कर दर्ता प्रमाणपत्र, आ.व. २०८०/०८१ को कर चुक्ता प्रमाणपत्र वा म्याद थप, बोलपत्र फारम खरिदको बैंक भौचर, धरौटी बैंक भौचर वा बैंक जमानत पत्र र निवेदन यो सुचना प्रथम पटक प्रकाशन भएको मितिले **३१ औं दिनको** १२:०० बजे भित्र विद्युतीय माध्यम www.bolpatra.gov.np/egp मार्फत पेश गर्नुपर्ने छ ।

५. प्रि-बिड बैठक मिति **२०८१/०९/०३ गतेका दिन दिनको** १:०० बजे सुस्ता गाउँपालिकाको कार्यालयमा हुनेछ। ईच्छुक बोलपत्रदाताहरुले उक्त बैठकमा भाग लिई यस सम्बन्धमा विस्तृत जानकारी हासिल गर्न सक्नुहुनेछ। उक्त दिन बिदा परेमा उक्त बैठक सोको भोलिपल्ट सोही समयमा हुनेछ।

६. बोलपत्र सम्बन्धी विस्तृत जानकारी बोलपत्र सम्बन्धी फाराममा उल्लेख गरिएको हुँदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ। म्याद नाघि रित नपुगी वा शर्तसहित पेश हुन आएका बोलपत्र स्विकार गर्न यस कार्यालय बाध्य हुने छैन । बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

७. बोलपत्र स्विकृत भएमा सोको सुचना पाएको वा सुचना टाँस भएको मितिले १५ दिनभित्र मु.अ.क. दर्ता प्रमाणपत्र समेत लिई कबोल अंकको प्रथम किस्तावापत ५० प्रतिशतले हुने रकम बैंक दाखिला गरी दोस्रो किस्ता वापत ५० प्रतिशतले हुने रकम नगदै जम्मा गरी वा नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त बैंकबाट यस कार्यालयको नाममा २०८२ साल असार मसान्त सम्मको म्याद सहित जारी बैंक ग्यारेन्टी (परफमेन्स बन्ड) समेत पेश गरी पट्टा उठाउनुपर्नेछ। दोस्रो किस्ता वापत ५० प्रतिशतले हुने रकम बैशाख १५ भित्र अनिवार्य बुझाउनुपर्नेछ। साथै बोलपत्र कबोल गर्ने फर्मले आफुले कबोल गरेको अंक, सेवा शुल्क बापत हुन आउने रकम र नियमानुसार थप १३% भ्याट रकम समेत यस कार्यालयमा बुझाउनुपर्नेछ।

८. तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार बोलपत्र बन्दोबस्त गरीनेछ। यस गाँउपालिकाका नदि तथा नदीहरुको उत्खनन् क्षेत्र र परीमाणका सन्दर्भमा स्थानिय सरकार सञ्चालन ऐन ,२०७४, स्थानिय तहबाट जारी भएका कानुन, प्रदेश कानुन तथा अन्य प्रचलित कानुन वा मापदण्ड बमोजिम हुनेछ। साथै यस कार्यालयबाट गरिएको वातावरणीय अध्ययन प्रतिवेदन यस बोलपत्र सम्झौताको अभिन्न अंग मानिनेछ।

९. अनिवार्य भनी तपशिलमा उल्लेख गरिएका सबै कागजातहरु विद्युतीय बोलपत्रमा समावेश भएको हुनुपर्नेछ।

तपशिल

| संख्या | दस्तावेजहरु | आवश्यकता | कैफियत |
|---|---|---|---|
| १ | बोलपत्र पेश गरेका निवेदन पत्र | अनिवार्य | पीडीएफ |
| २ | जमानत/बैक जमानत | अनिवार्य | पीडीएफ |
| ३ | कम्पनी दर्ता प्रमाणपत्र | अनिवार्य | पीडीएफ |
| ४ | मू.अ.क. दर्ता प्रमाणपत्र | अनिवार्य | पीडीएफ |
| ५ | आ.व. ०८०।८१ सम्मको कर चुक्ता प्रमाण पत्र वा म्याद थप | अनिवार्य | पीडीएफ |
| ६ | मूल्य अंकित मूल्य परिमाण सूची (BOQ) | अनिवार्य | पीडीएफ |
| ७ | बोलपत्र सम्बन्धी कागजातमा उल्लेख भए अनुसारका अन्य कागजातहरु | माग गरेको भए | पीडीएफ |

ठेक्का सम्बन्धी अन्य शर्तहरु

१. ठेक्का अवधि पट्टा पत्र पाएको मितिदेखि २०८२ साल जेठ मसान्त सम्म रहनेछ । तर ठेक्कामा माल समानको परिमाण यकिन भएको र परिमाण अनुसार कै ठेक्का अंक कायम गरिएकोले आवश्यक प्रकृया पुरा गरी उक्त परिमाण सो भन्दा कम अवधिमा पनि विक्री निकासी गर्न सकिने छ , साथै परिमाणका आधारमा ठेक्का सम्झौता हुने भएकोले बन्द हडताल, स्थानीय अवरोध वा अन्य जुनसुकै समस्या आदिका कारण केही दिन काम सुचारु नभएको अवस्थामा कुनै पनि किसिमको क्षति पूर्ति दावी गर्न पाईने छैन। (IEE) प्रतिवेदनले उल्लेख गरेको परिमाण भन्दा बढी र निषेध गरेको अवधिमा नदी क्षेत्रबाट सामाग्री उत्खनन् गर्न पाइनेछैन तर विभिन्न स्थानमा थुपारी राखिएको मौज्दात सामाग्री यसै आ.व भित्रै विक्री तथा निकासी गर्न सकिनेछ ।

२. धरौटी बापत जम्मा गरेको रकमलाई किस्तामा समावेश गर्न पाइनेछैन र उक्त बैंक जमानत तथा नगद धरौटी नियमानुसार कागजात पेश गरिसकेपछि प्रचलित ऐन बमोजिम फिर्ता गरिनेछ ।

३. ठेक्का सम्झौता भए पश्चात प्रत्येक महिना उत्खनन् र विक्रि वितरण गरिएको यथार्थ परिमाण खुलाइ गाउँपालिकामा विवरण पेश गर्नु पर्ने छ ।

४. ठेक्का कबोल गर्ने फर्म वा कम्पनीले तोकेको कर उठाउँदा प्रयोग गर्ने विक्री तथा निकासी तर्फका रसिदहरु फर्म वा कम्पनिले आफ्नो तर्फबाट छुट्टाछुट्टै छपाई, उक्त रसिदहरु यस कार्यालयबाट प्रमाणित गराई प्रयोग गर्नुपर्नेछ । प्रमाणित नगरेको रसिदबाट कर उठाएको पाइएमा नियमानुसार कारवाही गरिनेछ । माथि उल्लेख गरिएका रसिदहरुबाट आम्दानी गरिएको रकम विक्री तथा निकासी आय खातामा मू.अ.क. को हिसाब निकाल्नको लागि रसिद नं. को क्रम अनुसार लेखाङ्कन गरी खाता र रसिद मासिक रुपमा गाउँपालिकामा बुझाउँनुपर्नेछ ।

५. ठेक्कामा कुनै विवाद भएमा गाउँकार्यपालिकाको निर्णय अन्तिम हुनेछ ।

६. गाउपालिकालाई बुझाउँनु पर्ने बाँकी बक्यौता भएको फर्मको बोलपत्र स्वीकृत हुनेछैन ।

७. ढुङ्गा, गिटी, वालुवा, ग्राभेल, आदिको कर प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनले निषेध गरेका स्थानमा वसी संकलन गर्न पाईने छैन।

८. नदिजन्य पदार्थको उत्खनन विहान सूर्योदयदेखि वेलुका सुर्यास्तसम्म मात्र गर्न पाइने छ ।

९. कुनै किसिमको परिस्थिती देखाई ठेक्का रकम मिनाहा सम्बन्धी कुनै माग कार्यालयलाई स्वीकार्य हुनेछैन ।

१०. ढुंगा, गिट्टी, बालुवा रोडा आदिको संकलन, उत्खनन तथा निकासीका सम्बन्धमा जिल्ला स्तरीय अनुगमन समिति र पालिका स्तरीय अनुगमन समिति र कार्यालयले दिएका सुझाव तथा निर्देशनहरु ठेक्का लिने पक्षले पूर्ण रुपले पालना गर्नुपर्नेछ ।

११. नदिजन्य पदार्थलाई घाटगद्धि गाउँपालिकावाट स्वीकृत लिइ गर्नु पर्नेछ, नदिजन्य पदार्थलाई घाटगद्धि गरेर परिमाण नापजांच गरि मात्र बिक्रि वितरण गर्नुपर्ने छ।

१२. उपरोक्त अनुसार उल्लेख भएका शर्तहरुको हकमा यसै अनुसार हुने र उल्लेख नभएका कुराहरुको हकमा प्रचलित ऐन कानून तथा ठेक्का स्वीकृति पश्चात गरिने सम्झौता अनुसार हुनेछ ।

१३. अन्य विस्तृत जानकारीको लागि यस कार्यालयमा सम्पर्क राख्न सकिने छ ।